# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर प्यूठान
लुम्बिनी प्रदेश नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
Email info@mandavimun.gov.np
mandavimun2073@gmail.com


## माण्डवी २ मा द्वन्द प्रभावित व्यवसायिक बाखपालक कृषकलाई उन्नत जातको बोका वितरण अनुदान कार्यक्रम

**प्रथम पटक प्रकाशित मितिः २०८०/०२/३२**

माण्डवी गाउँपालिकाको आ.व. २०७९/०८० को मिति २०७९/१०/१७ गते स्वीकृत कार्यक्रम अनुसार माण्डवी ५ कुटी देखि सिरुवारीसम्म समुहको मागमा आधारित कार्यक्र माण्डवी २ मा द्वन्द प्रभावित व्यवसायिक बाखपालक कृषकलाई उन्नत जातको बोका वितरण अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकोले माण्डवी गाउँपालिका वडा नं. २ का इच्छुक द्वन्द प्रभावित कृषकहरुबाट सूचना प्रकाशित भएको मितिले सात (७) दिन भित्र (मिति २०८०/०३/०६ गते भित्र) यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि आवेदन सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | स्वीकृत बजेट रु. |
|---|---|---|---|---|---|
| १. | ऊन्नत जातका बोका खरिद कार्यक्रम | उन्नत जातका बाखा उत्पादनमा टेवा पुर्याउन तथा प्रवर्धन गर्न ऊन्नत जातका बोका खरिदमा अनुदान सहयोग | उन्नत जातका बोका खरिदमा अनुदान दिइनेछ । स्थल प्राविधिक, भौगोलिक तथा दृष्टिकोणले उपयुक्त हुनुपर्ने छ । गुणस्तर न्युनतम मापदण्ड भित्र परेको हुनुपर्ने । न्युनतम १० वटा माउ बाखा पालन गरेको हुनुपर्ने । | माण्डवी गाउँपालिका वडा नं. २ | ५०,००० |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. निवेदन ।
२. सम्बन्धित निकायमा कृषि तथा पशुपालन फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्र-को प्रतिलिपि ।
३. प्रस्तावित कार्यक्रमको प्रस्तावना ।
४. द्वन्द प्रभावित खुल्ने कागजात ।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

नोटः थप जानकारीको लागि माण्डवी गाउँपालिका पशु सेवा शाखा देवीस्थान प्यूठानमा सम्पर्क गर्नुहुन ।
(९८५७८२०१६४, ९८४७९७४३१०)

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत